# सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**घाडगेटार, सिन्धुपाल्चोक**

**शिक्षा, युवा तथा खेलकुद शाखा**

**बागमती प्रदेश**

**पत्र संख्या: २०८२/०८३** **मितिः २०८२/०६/२२**

**चलानी नं.**

**स्थानीय विषयको पाठ्यपुस्तक लेखनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति: २०८२/०६/२२)**

प्रस्तुत विषयको सम्बन्धमा सुनकोशी गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत भई कार्यान्वयनमा रहेको आधारभूत तह स्थानीय विषयको पाठ्यक्रम " **हाम्रो सुनकोशी**"मा आधारित आधारभूत तह (कक्षा ५-८) को स्थानीय विषयको पाठ्यपुस्तक लेखन कार्यका लागि आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेटमा विनियोजित कार्यक्रम अनुसार लेखन कार्य कार्यान्वयनको लागि तपसिल बमोजिमको योग्यता तथा विज्ञता भएका लेखक तथा लेखक समूह/संस्थाबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्रमा तपसिल बमोजिमका कागजात सहित शिक्षा, युवा तथा खेलकुद शाखामा आफ्नो सूचीकृतका लागि आवेदन पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

**पेश गर्नुपर्ने कागजातहरुः**

- व्यक्तिगत तथा संस्थागत आवेदन।
- शैक्षिक योग्यता प्रमाणपत्रहरु।
- संस्थागत परामर्श सेवा भए संस्थागत प्रमाणपत्र ( दर्ता, पान, करचुक्ता र अन्य प्रमाणपत्र)
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- अनुमानित आर्थिक लागत प्रस्तावना।
- विज्ञहरुको CV (Curriculum Vitae) विवरण।

**शर्तहरुः**

- स्थानीय पाठ्यक्रम "हाम्रो सुनकोशी" मा आधारित कक्षा ५-८ सम्मको पाठ्यपुस्तक लेख्नुपर्ने।
- स्थानीय पाठ्यक्रम "हाम्रो सुनकोशी" मा निर्धारित भएका विषयक्षेत्र, सिकाई प्रक्रिया, सिकाई उपलब्धि र मूल्याङ्कन प्रक्रियामा आधारित भई कक्षागत पाठ्यपुस्तक लेख्नुपर्ने।
- पाठ्यपुस्तकमा विद्यार्थीलाई दिइने ज्ञान, सिप, अभिवृत्ति, अभ्यास, परियोजना कार्य, शिक्षण सिकाई कार्य र मूल्याङ्कन तौर तरिका संलग्न गर्नुपर्ने।
- विषयवस्तु सान्दर्भिक स्थानीय चित्र तथा ग्राफहरु समेत राख्नुपर्ने।
- पाठ्यपुस्तक युनिकोड तथा प्रिति फन्टमा तयार गर्नुपर्ने।
- पाठ्यपुस्तकको Soft copy तथा PDF फाइल गाउँपालिकामा बुझाउनुपर्ने

०६/२२

**(हरेन्द्र चौधरी)**
**प्रमुख प्रशासकीय अधिकृत**

हरेन्द्र चौधरी
प्रमुख प्रशासकीय अधिकृत

**पुनश्चः तोकिएको म्याद नाघि दर्ता भएका तथा उल्लेखित कागजातहरु पूरा नगरी दर्ता भएका आवेदनहरुमा कारबाही नहुने ब्यहोरा समेत जानकारी गराइन्छ।**

फोन नं. : (+९७७) -०११-४८२२०८
इमेलः sunkoshiruralmun@gmail.com बेवसाईटः https://www.sunkoshimunsindhupalchowk.gov.np

" सुन्दर सुनकोशी, सम्वृद्ध सुनकोशी र सुखी सुनकोशी "